


## व्यवहार-स्वास्थ्यको लागि Ohio (ओहायो) Medicaid (ODM) को विशिष्ट कवरेज (स्वास्थ्य-बीमामा सामेल उपचारहरू) भन्दा OhioRISE कसरी भिन्न छ?

विशेष हेरचाहको आवश्यकतामा रहेका युवाहरू प्रति OhioRISE ले ध्यान केन्द्रित गर्दछ । Ohio Medicaid भएका सबै नानी र युवाहरूले मानसिक स्वास्थ्य र (मादक) पदार्थ सेवन-सम्बन्धी विकारहरू बारे हेरचाहसम्म पहुँच पाउन सक्छन्, OhioRISE मा भर्ना भएका व्यक्तिहरूलाई नयाँ र सुधारिएका व्यवहार-स्वास्थ्य सेवाहरू पनि प्रदान गरिनेछ । OhioRISE मा भर्ना भएका व्यक्तिहरूले Aetna (OhioRISE योजना) मार्फत आ-आफ्नो व्यवहार-स्वास्थ्य सुविधाहरू पाउने छन् अनि उहाँहरूले छुट्टै व्यवस्थित हेरचाह संस्था वा शुल्क-सेवा Medicaid (Medicaid भएका व्यक्तिहरूलाई हरेक प्रदान गरिएको सेवाको लागि सेवा-प्रदायकलाई भुक्तान) मार्फत आ-आफ्नो शारीरिक स्वास्थ्य सेवाहरू प्राप्त गर्ने छन् ।

---

## यी सेवाहरू OhioRISE द्वारा किन प्रदान गरिँदैछ र "नियमित" Ohio Medicaid योजना द्वारा किन गरिँदैन?

व्यवहार-स्वास्थ्य-सम्बन्धी जटिल आवश्यकता भएका युवाहरूलाई थप गहन सेवाहरू र आ-आफ्नो हेरचाहको योजना बनाउनमा समन्वित तरिका अपनाएर फाइदा हुन्छ । नानीहरू र परिवारकहरूका आवाज र चयनहरूलाई महत्व दिने खालको हेरचाह योजना मार्फत नानी वा युवाहरूका आवश्यकताहरू पूरा हुने कुरा सुनिश्चित गर्नका लागि OhioRISE ले विभिन्न सेवा-प्रदायक र संस्थाहरूसँग काम गर्दछ ।



## OhioRISE र यस ब्रोशर (विवरणिका) मा दिइएको जानकारीको बारेमा म कहाँ थप जान्न सक्छु?

कृपया OhioRISE वेब पृष्ठ: managedcare.medicaid.ohio.gov/ohiorise मा जानुहोस्, वा हामीलाई तपाईंका प्रश्नहरू OhioRISE@medicaid.ohio.gov मा ईमेल मार्फत पठाउनुहोस् ।

---

## राज्य र संघीय नागरिक अधिकार कानूनहरू

तपाईंलाई भेदभाव वा अनुचित व्यवहारबाट जोगाने, राज्य र संघीय नागरिक अधिकार कानूनहरूका Ohio Medicaid ले पालना गर्छ । यो ब्रोशर (विवरणिका) बुझ्नमा तपाईंलाई सहायता गर्नलाई, तपाईंले अनुरोध गर्नु हुन्छ भने, भाषिक सहायता, मौखिक दोभाषे सेवाहरू, सहायक साधनहरू र अन्य सेवाहरू तपाईंका लागि निशुल्क उपलब्ध छन् । ODM का Civil Rights/ ADA Coordinator (ODM का नागरिक अधिकारहरू/ ADA संयोजक) लाई तपाईंले 614-995- 9981/TTY 711 मा कल गरेर, 1-614-644-1434 मा फ्याक्स गरेर वा ODM_EEO_EmployeeRelations@ medicaid.ohio.gov मा ईमेल पठाएर यी सेवाहरूको लागि अनुरोध गर्न सक्नुहुन्छ ।


Ohio Department of Medicaid

OhioRISE

2024 मा अद्यावधिक गरिएको

# OhioRISE

OhioRISE, एकीकृत प्रणालीहरू र उत्कृष्टता मार्फत लचकता (Resilience through Integrated Systems and Excellence), एक विशेषीकृत एवं व्यवस्थित हेरचाह कार्यक्रम हो, जसले व्यवहार-स्वास्थ्य जटिल भएका र बहुप्रणालीय आवश्यकताहरू भएका नानी र युवाहरू प्रति ध्यान केन्द्रित राखेको छ ।



## OhioRISE बाट कसलाई फाइदा हुनु सक्छ?

OhioRISE बाट ती नानी र युवाहरूलाई फाइदा हुनु सक्छ, जुन:

- व्यवहार-स्वास्थ्यका चुनौतीहरूका परिणामस्वरूप विभिन्न आवश्यकताहरूमा छन्,
- बहुप्रणालीय आवश्यकताहरूमा छन् वा यस प्रणालीमा गहन संलग्नताको जोखिममा छन्, र/वा
- घर-बाहिरको उपचारक संस्थामा राखिने जोखिममा छन् वा घर-बाहिरको उपचारक संस्थाबाट आ-आफ्नो परिवारमा फर्कनेवाला छन् ।

बहुप्रणालीय आवश्यकता भएका युवाहरूलाई प्रायः सामुदायिक प्रणालीहरूबाट सहायता र सेवाहरू चाहिन्छन्, जसमा किशोर न्याय, बाल सुरक्षा, विकासमा अक्षमता, स्कूल, मानसिक स्वास्थ्य र लत र अन्य कुरा समावेश हुन सक्छन् ।

## OhioRISE ले सदस्यहरूलाई कस्ता विशेष सेवाहरू प्रदान गर्छ?

OhioRISE ले निम्नलिखित नयाँ र सुधारिएका व्यवहार-स्वास्थ्य सेवाहरू प्रदान गर्नेछ:

- गहन र मध्यम हेरचाह समन्वय
- सुधारिएको गहन घर-आधारित उपचार (IHBT)
- राज्यभित्र आवासीय मनोचिकित्सा उपचार सुविधाहरू (PRTFs)
- व्यवहार-स्वास्थ्यमा आराम
- प्राथमिक Flex (फ्लेक्स) कोषहरू
- मोबाइल (घटनास्थलमा) प्रतिक्रिया र स्थिरीकरण सेवाहरू (MRSS)

OhioRISE

## OhioRISE को लागि को पात्र छ?

OhioRISE को लागि पात्र हुनु सक्ने नानी र युवाहरू:

- Ohio Medicaid (व्यवस्थित वा शुल्क-सेवा (Medicaid भएका व्यक्तिहरूलाई हरेक प्रदान गरिएको सेवाको लागि सेवा-प्रदायकलाई भुक्तान)) का पात्रहरू,
- 0-20 वर्ष उमेरका, अनि
- Ohio (ओहायो) नानी तथा किशोर-किशोरीका आवश्यकता र शक्ति (CANS) आकलन उपयोग गरेर मापनको परिणाम अनुसार जसलाई व्यवहार-स्वास्थ्यमा उपचारका लागि महत्वपूर्ण खाँचाहरू छन्,

केही तत्कालिक अवस्थाहरूका कारण नानी र युवाहरू पनि OhioRISE का पात्र हुन सक्छन् । उदाहरणार्थ, यदि कुनै नानी वा युवा व्यवहार-स्वास्थ्यले गर्दा अस्पतालमा छ ।

## CANS आकलन के हो?

CANS आकलन OhioRISE को लागि पात्रता निर्धारण गर्नलाई उपयोग गरिने एक उपकरण हो । सम्बन्धित युवा र परिवारहरूका आवश्यकता र शक्तिहरू बुझ्न र सहायता प्रदान गर्नका उत्तम तरिकाहरू निर्धारण गर्नका लागि यसले ती युवा र परिवारका वृत्तान्त सङ्कलन गर्दछ । चालू हेरचाह योजनामा सहयोग पुऱ्याउनका निम्ति CANS आकलनलाई नियमित रूपमा अद्यावधिक गरिन्छ ।

## CANS आकलनको लागि नानी वा युवाहरू कहाँ जान सक्छन्?

CANS आकलनको लागि सोध्न, निम्नलिखितसँग सम्पर्क गर्नुहोस्:

- नानी वा युवाहरूका व्यवस्थित हेरचाह संस्था,
- Ohio को Aetna Better Health (एटना ब्यटर हेल्थ),
- स्थानीय हेरचाह व्यवस्थापन संस्था,
- Medicaid उपभोक्ता हटलाइन, वा
- व्यवहार-स्वास्थ्य प्रदायकहरू वा परिवार एवं नानीहरू प्रथम परिषदहरू (Family and Children First Councils), जसको कार्यस्थलमा CANS आकलनयन्त्र हुन सक्छ वा कुनै आकलनयन्त्रसँग जडान गर्न सक्छ ।

## कुनै नानी वा युवाले OhioRISE सेवाहरू कहिले प्राप्त गर्न सक्छ?

CANS आकलन पछि, पात्र पाइएका नानी र युवाहरूलाई उनीहरूका CANS आकलन परिणाम बुझाउने तिथिदेखि OhioRISE मा भर्ना गरिन्छ । तत्कालिक अवस्थामा, OhioRISE मा भर्ना निम्नानुसार हुने छ:

- मानसिक रोग वा (मादक) पदार्थ सेवन-सम्बन्धी विकारहरूका लागि अस्पतालभित्र भर्ना भएको तिथि वा
- आवासीय मनोचिकित्सा उपचार सुविधा (Psychiatric Residential Treatment Facility) (PRTF) भित्र भर्ना भएको तिथिदेखि ।

## के OhioRISE मा भर्ना अनिवार्य छ?

छ । यदि कुनै नानी वा युवा OhioRISE को पात्र छ भने, OhioRISE मा भर्ना अनिवार्य छ । यदि कुनै नानी वा युवा पात्र छैन भने, अस्वीकरण र सुनवाइको अधिकारको सूचना उसलाई पठाइनेछ । यदि कुनै नानी वा युवा वा उसकी/को आमा/बुवा/अभिभावकले उसलाई OhioRISE मा भर्ना गर्न चाहँदैन भने, उहाँहरूले ती नानी वा युवालाई भर्नाबाट हटाउनको लागि अनुरोध गर्न सक्छन् । ODM ले त्यस अनुरोधको समीक्षा गर्नेछ अनि उपयुक्त देखिएको खण्डमा सम्बन्धित नानी वा युवालाई भर्नाबाट हटाउने निर्णय गर्नेछ । OhioRISE मा भर्नाबाट हटाइएको नानी वा युवाले नयाँ र सुधारिएका सेवाहरू प्राप्त गर्न सक्ने छैन किनभने यी सेवाहरू OhioRISE मार्फत मात्र उपलब्ध छन् ।

